# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुन १० गते २०११ साल

## भाग ८

### मालपोत तथा वनमन्त्रालयको विज्ञप्ति

मि. नं. ६५०७ ३–११–०११

आर्थिक ऐन २०११ अनुसार नेपाल राज्यभर २०११ साल माघ महिना देखि असूल गरिने मालपोतमा ऐन सवालबमोजिम लागिआएको दरमा शयकडा १० दशको दरले रचार्ज थपी असूल गराउने सरकारको नीति भएकोमा सो आर्थिक ऐन २०११ मा संशोधन भै पेश हुन गएकोले सो निर्णय नभएसम्म उक्त आर्थिक ऐन २०११ बमोजिम मालपोतमा सरचार्ज थपी असूल गर्ने कार्य स्थगित राख्न सम्बन्धित अड्डाहरुलाई मौकैमा लेखी गैसकेको छ।

कुनै कुनै जिल्ला मालहरुमा शयकडा १० दश सरचार्ज थपी मालपोत असूल गर्नें गरेका पनि छन् भन्ने बुझिन आएकोले हाललाई मालपोतमा शयकडा १० दश



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरचार्ज पनि असूल गर्ने सरकारको नीति स्थगित भएको बेहोरासमेत सर्वसाधारण सबैलाई थाहा होस् भन्ना खातिर यो विज्ञप्ति प्रकाशित गरिएको छ।

आज्ञाले—
सेरजङ्ग,
सेक्रेटरी—मालपोत तथा वनमन्त्रालय.

## मालपोत तथा वनमन्त्रालयको विज्ञप्ति

प. सं. ²⁴/₂ ३३५—११ का अंक २०११।११।१६।५

५५४३

पूर्व पश्चिम मधेश जिल्लाको जमिन्दार रैतीको बीचको उखडा कर्जा बटैयासम्बन्धी विषयमा उचित व्यवस्था मिलाउन बुटौल, खजहनी, शिवराज, सुर्खेतसमेतको जाच कमिशनको रिपोर्टअनुसार १० सालमा बुटौलतर्फ घुम्ती अदालत खटिई गै केही काम भैसकेको र यसै सालमा पनि सुर्खेत जिल्लामा घुम्ती अदालत खटिई गै काम हुँदैछ। अतः अन्यत्र सबै जिल्लाहरूको किसान जिमिन्दारहरूको जग्गासम्बन्धी वैमनस्यलाई सुल्फाई प्रगति पथमा लगाउन पूरा अधिकारको साथ मोबाइल कोर्ट खटाउनेसमेत विधानको धाराहरूको योजनासहित निर्णयको लागि मन्त्रिमण्डलमा पेश भैसकेको छ र सो निर्णय भै आउनासाथ घुम्ती अदालत खटाई कार्यान्वित गराउने सरकारले निधो गरेको छ। यस्तै बेदखलीबारेमा २०१०।६।८।५ मा समेत बराबर विज्ञप्ति जारी गरिएकै हो। सरकारले बखत बखतमा कारबाई गरी सूचना भै रहेकोमा त्यसको विचार नगरी नोमत्ता सलामी आदि लिने विचारलाई अशान्तिको वातावरण फैलाएको बारम्बार उजुरी आएकोले पहाड मधेश नेपाल भर राजमुलुकमा बेदखली गरिएको जग्गाहरूमा मोही तल्सीङ्गहरूको झगडा चलिरहेकोमा जिल्ला गोस्वारा र माल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९४

अड्डाभै अधियाँभन्दा बढ्ता तल्सीङ्ग बोटी नपर्ने गरी मोही बोटी दिलाई तल्सीङ्ग बोटी रोक्का गरी दिन, त्यसमा घुम्ती अदालत आएपछि निर्णय हुनेछ भनी स्थानीय बडाहाकिम, माल अड्डाहरूलाई गजेट रेडियोद्वारा र गो. प. द्वारा आदेश गरी पठाउने विभागीय मन्त्री श्री नारदमुनीज्यू थुलुङ्गबाट ०११।११।४।२ मा आदेश भएकोले सर्वसाधारणमा थाहा होस् भन्नानिमित्त र सो बमोजिम कार्यान्वित गराउनानिमित्त यो विज्ञप्ति जारी गरिएको छ। सोबमोजिम सम्बन्धित जिल्ला, गोस्वारा, माल अड्डासमेतले गर्नु गराउनुहोला।

आज्ञाले—

उमेश्वरमान,

का.मु. सेक्रेटरी—मालपोत तथा वनमन्त्रालय,

---

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी.

मुद्रण विभाग, सिंहदरबार

२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।